नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

मितिः २०७८।०४।०४

## सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको निषेधाज्ञा थप सम्बन्धि आदेश

विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरिएन्ट सहितको कोरोना भाईस कोभिड-१९ को संक्रमण सप्तरी जिल्लाका विभिन्न स्थानहरुमा बढ्दै गइरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणको लागि तत्काल थप सतर्कता अपनाई नेपाल नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षाको मापदण्डलाई कडाईका साथ पालना गरी गराई कोरोना संक्रमण नियन्त्रणका लागि सप्तरी जिल्ला भर लागु गरिएको निषेधाज्ञा अवधी मिति २०७८।०४।११ गते सम्मको लागि कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ४ र स्थानीय प्रशसन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम यो निषधाज्ञा जारी गरिएको छ।

### निषेधाज्ञा अवधीमा गर्न हुने र गर्न नहुने कार्यहरुः

| चलाउन पाउने सवारी साधन (स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने गरी) | चलाउन नपाउने सवारी साधनः |
|---|---|
| • एम्बुलेन्स/शववाहन/ खाद्यसामाग्री/औषधी/ कुखुरा चल्ला/ पशुपक्षीको दाना/पानी/दुध/इन्धन/फलफूल तथा तरकारी बोकेको सवारी साधनहरु, निर्माण सामाग्री ढुवानीको सावरी साधन/ रसायनिक मल तथा बिउ बिजन बोकेको सवारी साधन<br>• सरकारी नं. प्लेटको साधन, झण्डा वाहक सवारी साधन, कुटनीतिक नियोगको सवारी साधन, प्रेस पास प्राप्त सवारी साधन<br>• बैवाहिक कार्यक्रम दुलहा दुलही बसेको सवारी समेत बढीमा १५ जना जन्ती मात्र बोकेको सवारी साधन<br>• निजी सवारी साधन चार (पाङ्ग्रे, दुई पाङ्ग्रे)<br>• सप्तरी जिल्ला भित्र संचालन हुने सार्वजनिक यात्रुवाहक सवारी साधन | • सप्तरी जिल्लाबाट काठमाण्डौ तथा निषेधाज्ञामा बाहिर जिल्लाबाट प्रवेश निषेश गरिएका जिल्ला जाने सार्वजनिक सावरी साधन। |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

| खुल्ने सेवाः | नखुल्ने सेवाः |
|---|---|
| • अत्यावश्यक सार्वजनिक सेवा(सरकारी कार्यालयमा भीड भाड कम हुने गरी)<br>• बैंक तथा बित्तीय संस्था<br>• विद्यालय (भर्ना, पाठ्यक्रम वितरण, भर्चुअल कलास, लगायत दैनीक प्रशासनिक कार्य) | • शैक्षिक संस्था, ट्युसन तथा कोचिङ्ग सेन्टर (भौतिक उपस्थितिमा पठनपाठन) |
| खुल्ने व्यवसायहरुः | नखुल्ने व्यवसायहरुः |
| • औषधी तथा औषधी जन्य पसल<br>• पेट्रोल पम्प<br>• खाद्यान्न, फलफूल, तरकारी, दुध/डेरी, ग्यास पसल,कृषि जन्य सामाग्री बिक्री गर्ने पसल, हार्डवेयर पसल, पुस्तक पसल, कपडा पसल,सुनचाँदी, टेलरिङ्ग भांडा, भान्साजन्य, विद्युत सामाग्री पसल (विहान ७:०० बजे देखि बेलुका ८:०० बजे सम्म)<br>• सवारी साधन मर्मत गर्ने वर्क शप | • जिमखाना, मदिरा पसल बसेर खाने, पार्टी प्यालेस, स्वीमिङ पुल<br>सिनेमा हल आदी |

समुदाय तथा व्यक्तिले अनिवार्य रुपमा पालना गर्नुपर्नेः

- विवाह ब्रतबन्ध, न्वारन मृत्यु संस्कार लगायतका संस्कारजन्य कार्यक्रम अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना र भौतिक दुरी कायम गरी बढीमा १५ जना मा सिमित भई सम्पन्न गर्ने, डी.जे. तथा ब्याण्ड बाजा नबजाउने ।
- औषधी उपचार एवं अत्यावश्यक कार्यमा वाहेक सकभर घरबाहिर ननिस्कने, निस्कनै पर्दा अनिवार्य रुपमा मास्क लगाउने, समूहमा नहिड्ने भौतिक दुरी कायम गर्ने, पटक-पटक साबुन पानीले हात धुने ।

प्रमुख जिल्ला अधिकारी